मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ४४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस १६ गते बिहीवार (Thursday, December 31. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

वीरता लेडी जेसीजको अध्यक्षमा
स्वस्तिका आचार्य सर्वसम्मत चयन : पृष्ठ ४



# ३०० जनाले पाए खाना, नाना र छाना



**झापा, पुस १५।** धनुषास्थित वीरेन्द्र बजारको सडकपेटीमा एक महिला अशक्त अवस्थामा देखिनुभयो। लामो समय सडकवास हुँदा चिसोका कारण घुँडा सुन्निएकाले उहाँ राम्ररी हिँड्डुल गर्न सक्नुभएको थिएन। वरपर मान्छेको आवतजावत बाक्लै भए पनि कसैको नजर उहाँमा परेको थिएन। बेवारिसे व्यक्तिलाई हेर्ने दृष्टिकोण नै समाजमा अझै पनि सकारात्मक छैन भन्ने तीतो यथार्थ त्यहाँ देखियो।

यत्तिकैमा एक हुल युवा हरर....आइपुगे। एक्कासी नयाँ मानिसको जमघट देखेपछि स्थानीयवासीको जमघट बढ्यो। उनीहरु खुसामद गर्दै थिए। कतिले पैसा बाँड्न लागेको र खाना बाँड्न लागेको कुरा पनि खासखुस गर्दै थिए। त्यो युवा समूह अरु कोही नभएर मानव सेवा आश्रमको मेची-महाकाली उद्धार अभियानकर्मी थिए। बेसहाराको उद्धारमा खटिएका युवाले उहाँलाई स्ट्रेचरमा राख्नै लाग्दा महिलाको आँखाबाट बरर... आँसुका धारा बग्यो। मलिन अनुहारमा दुई हात जोडेर उहाँले सबैसामु सहयोगको भिख माग्नुभयो। यसअघि यसरी कसैले नगरेको काम एक्कासी प्राप्त मायाले उहाँ चकित पनि हुनुभयो।

फरक भाषा भएकाले बुझ्न नसकिए पनि उहाँका हाउभाउले धेरै पीडा बोलिरहेको थियो। कारुणिक अवस्थाबाट उद्धार गरी उहाँलाई सर्लाहीस्थित हरिवनमा रहेको मानव सेवा आश्रममा ल्याएर राखिएको छ। केही भन्न खोज्दै हुनुहुन्थ्यो तर भन्न सकिरहनुभएको थिएन, हामीले तत्कालै उद्धार गरेर स्ट्रेचरमा राख्दा पनि उहाँ ऐया ऐया भन्दै रुनुमात्र भयो- उद्धारकर्मी सुशीला केसी सम्झिछिन्- आश्रम ल्याएर सरसफाई गरेपछि उहाँको पीडा निकै कम भएको छ।

सिरहाको लहान बजारस्थित सडकमा फेला परेका चार व्यक्तिलाई पनि सोही बेला नेपाल प्रहरीले उद्धार टोलीको जिम्मा लगायो। उनीहरु सबैलाई मेचीकाली अभियानमा खटिएको टोलीले एम्बुलेन्समा राखेर मानव सेवा आश्रममा पुऱ्याई खाना, नाना र छानाको आवश्यक प्रबन्ध गरिएको छ। टोलीले आफैं राजमार्गमा घुमेर सडकमा रहेका बेसहाराको उद्धार गरिरहेको छ।

उक्त टोलीमा एम्बुलेन्सहित स्वास्थ्यकर्मी परिचालित छन्। जहाँ मिल्छ, त्यहाँ आफैं खाना पकाएर खाँदै टोलीले उद्धार अभियान चलाइरहेको छ। युवाले सोही क्रममा सामाजिक सचेतना दिने, स्थानीय तह र प्रदेश सरकारलाई घच्घच्याउने काम पनि एकैसाथ गर्दै आएका छन्। एक हप्तामा मात्रै उक्त टोलीले प्रदेश नं. १ र प्रदेश नं २ का केही जिल्लाबाट मात्रै ३१५ जनालाई उद्धार गरी व्यवस्थापन गरेको छ। उनीहरुलाई यहाँ खोलिएको विभिन्न आश्रममा नअटेपछि स्थान अभाव हुँदा दैनिक ३० हजार भाडा तिर्ने गरी पार्टी प्यालेसमा राख्नुपरेको आश्रमले जनाएको छ।

सरकारले वि.सं. २०७८भित्र मुलुकलाई बेसहारा सडक मानव नरहेको मुलुक बनाउने उद्घोष गरिसकेको छ। उक्त सरकारी सङ्कल्प पूरा गर्ने आधार तयार पार्न मानव सेवा आश्रमले अहिले राष्ट्रिय उद्धार अभियान लिएर मेची( महाकाली सडकयात्रा गरेको हो।

यही अभियान पुस ९ गते मेचीबाट औपचारिकरूपमा थालिएको थियो। कूल ३०० बेसहाराको सडकबाट उद्धार गर्ने लक्ष्य रहे पनि प्रदेश नं. १ र प्रदेश नं. २को केही जिल्ला घुम्दा नै उक्त लक्ष्य प्राप्त भइसकेको छ। त्यसैले अबको व्यवस्थापन चुनौतिपूर्ण छ।

सडकमा सोचेभन्दा बढी बेसहारा सहयोगापेक्षी रहेको र त्यसबाहेक परिवार भएका व्यक्तिलाई समेत प्रहरी र स्थानीय तहले उठाएर ल्याउँदा संख्या बढी हुन पुगेको छ। वास्तविक सहयोगापेक्षी त हामी संरक्षण गर्न सक्छौं, मदिराको तालमा रम्न चाहने व्यक्ति धेरै सडकमा देखिए, उहाँहरु धेरै घरपरिवार भएका पनि हुनुहुन्छ- आश्रमका प्रवक्ता सुमन बर्तौला भन्छन्- त्यस्ता व्यक्तिलाई सडकमा आउनबाट रोक्ने वातावरण निर्माणमा स्थानीय तह र प्रहरीको सहयोग चाहिन्छ। उनले बेसहाराबाहेक परिवार भएका, पेशेवर मगन्ते र दिनभर मदिरा खाएर बस्ने व्यक्तिलाई उद्धार गर्ने आश्रमको नीति नभएको समेत बताए।

प्राप्त विवरण अनुसार प्रदेश नं. १मा मात्रै २५४ जनाको उद्धार भएको छ। झापामा ७६ भेटिएका छन्। सुनसरीमा १११ र मोरङमा ६४ फेला परे। त्यस्तै प्रदेश नं. २ अन्तर्गत सप्तरीमा ३६, सिरहा, महोत्तरी र धनुषामा २५ को उद्धार भइसकेको छ। प्रदेश नं १मा प्रहरी र स्थानीय तहमार्फत मानिस ल्याउँदा परिवार भएका, मदिराको तालमा रमाउने, मजदुरी गर्ने, घर तथा परिवार भएका व्यक्ति पनि आए, स्थानीय तहले खाना दिने गरेकाले त्यही आशमा आएका व्यक्ति पनि समेटिए- आश्रमका अध्यक्ष रामजी अधिकारीले भने- त्यसैले अहिले अभियानको स्वरूप बदलेर वास्तविक सहयोगापेक्षीलाई मात्रै उद्धार गर्ने गरी कार्यक्रम थालिएको छ।

कुनै पनि सहयोगापेक्षी छन् भने उद्धार टोली आफैं गएर

(बाँकी अन्तिम पृष्ठमा)

## मोटरसाइकल र चेक चोरीमा संलग्न पक्राउ

**झापा, पुस १५।** इलाका प्रहरी कार्यालय दमकले चोरीको मोटरसाइकल र बैंकको चेकसहित २ जनालाई पक्राउ गरेको छ।

प्रदेश १-०२-०४३ प ६८७७ नम्बरको मोटरसाइकल सहित गौरादह नगरपालिका-२का दीपक न्यौपाने र मोहनराज ताजपुरिया पक्राउ परेका हुन्।

सोमबारराति दमकको एड्भान्स अस्पताल अगाडि पार्किङ गरेर राखेको मोटरसाइकल र एड्भान्स फार्मेसीभित्र झोलामा भएको चेक चोरी भएको थियो।

चेकमा हस्ताक्षर गरेको तर, रकम उल्लेख नगरेको कारण बैंकले प्रहरीलाई खबर गरेसँगै पक्राउ गर्न सहज भएको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक बिजयराज पण्डितले बताए। उनीहरुलाई इलाका प्रहरी कार्यालय दमकमा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## सहचालकले ट्याक्टर चलाउँदा...

**बिराटनगर, पुस ११।** खोटाङ र मोरङका दुई छुट्टाछुट्टै स्थानमा बुधवार बिहान भएको सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ।

खोटाङको रावाबेशी गाउँपालिका-१ डुम्रेपानीमा को७त ४७२७ नम्बरको ट्याक्टर दुर्घटना हुँदा ट्याक्टरका सह-चालक स्थानीय २६ बर्षीय राजन नेपालीको मृत्यु भएको हो। पार्किङ गरेर राखेको ट्याक्टरलाई सहचालकले चलाएर लैजाने क्रममा सडकबाट अन्दाजी ५० मिटर तल खसेर दुर्घटना हुँदा घाइते भएका सहचालकलाई स्थानीय मेडिकलमा उपचार गरी थप उपचारको लागि सुबिधासम्पन्न अस्पतालमा लैजाने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ।

यसैगरी मोरङको कटहरी गाउँपालिका-३मा तेलको ट्याङकरको ठक्करबाट मोटरसाईकल चालकको मृत्यु भएको छ। समयमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०२-०४२ प ९५५९ नम्बरको मोटरसाइकललाई सोही दिशाबाट जाँदै गरेको ना५ख ८४३४ नम्बरको तेल बोक्ने ट्याङ्करले पछाडिबाट ठक्कर दिँदा घाइते भएका मोटरसाइकल चालक स्थानीय २१ बर्षीय रोहित साहलाई उपचारको लागि कोशी अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

उता मेची राजमार्गको कान्छी दोकान छेउमा ट्याक्सी दुर्घटना हुँदा आठ जना गम्भीर घाइते भएका छन्।

मे१प २४७७ नम्बरको बोलेरो फालेलुङको एक्तिनदेखि बिर्तामोड जाने क्रममा दुर्घटना हुँदा ट्याक्सीमा सवार आठ जना घाइते भएको पाँचथर प्रहरीले जनाएको छ।

घाइते हुनेहरुमा फालेलुङ-२ निवासी १९ वर्षीय सविन अधिकारी, ८ वर्षीय सुविक्षा पौडेल, ३० बर्षीय

(बाँकी अन्तिम पृष्ठमा)

## सुनुवाई स्थगित

**झापा, पुस १५।** प्रतिनिधिसभा विघटनपछि सरकारले गरेको मन्त्रिपरिषद् पुनर्गठनका विरुद्धमा परेका निवेदनमाथि सर्वोच्च अदालतमा बुधबार तोकिएको सुनुवाइ स्थगित भएको छ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता लोकेन्द्र ओलीले दायर गरेका निवेदन एकल इजलासमा सुनुवाइ तोकिएपनि 'हेर्न नभ्याइएकाले' स्थगित गरिएको सर्वोच्च अदालतले जनाएको छ। सर्वोच्चले न्यायाधीश ईश्वरप्रसाद खतिवडालाई एकल इजलासका लागि तोकेको थियो।

प्रतिनिधिसभा विघटन गरी निर्वाचन घोषणा गरेको सरकारले मन्त्रिपरिषद् हेरफेर गर्न नमिल्ने दाबीसहित सर्वोच्चमा दुईवटा निवेदन दर्ता भएका थिए। कामचलाउ सरकारले विश्वव्यापी मान्यता

(बाँकी अन्तिम पृष्ठमा)

## कनकाईका मेयरलाई पितृशोक



**दुर्गापुर, पुस १५।** कनकाई नगरपालिकाका मेयर राजेन्द्र कुमार पोखरेललाई पितृशोक परेको छ।

उनका पिता गणेशप्रसाद पोखरेलको ८७ बर्षको उमेरमा बुधवार साँझ बिर्तामोडस्थित वीएण्डसी हस्पिटलमा निधन भएको हो। पोखरेलले तत्कालीन सुरुङ्गा गाउँ पञ्चायतको चार कार्यकालसम्म प्रधानपञ्चमा निर्वाचन भई गाउँवासीको सेवा गरेका थिए। केही बर्षअघि मुटुको शल्यक्रिया गरिएको थियो भने केही समयदेखि उनी कोरोना भाइरसको संक्रमणमा परेका थिए।

कोरोना संक्रमणपछि पीसीआर रिपोर्ट 'नेगेटिभ' आए पनि उनको स्वास्थ्यमा सुधार हुन सकेको थिएन। एक सातादेखि उनी हस्पिटलमा उपचाररत् थिए। उनका श्रीमती देवीमाया पोखरेल, चार छोरा राजेन्द्र, निर्माण, दिनेश र फाल्गुणी तथा सात छोरीहरु रहेका छन्। स्व. पोखरेलको अन्तिम संस्कार बिहीवार बिहान कनकाई आर्यघाटमा गरिने परिवारका सदस्य कुमारमणि पोखरेलले जानकारी दिए।

स्व. पोखरेलका जेठा छोरा राजेन्द्र कनकाई नगरपालिकाका मेयर हुन् भने माइला निर्माण काठमाडौंमा रहेर व्यवसाय गर्छन्। दिनेशकुमार अष्ट्रेलियामा रहेर व्यवसाय गर्नुका साथै नेपालीहरुलाई सहयोग र सेवा गर्ने अभियानमा सक्रिय छन्। उनी अन्तर्राष्ट्रिय झापाली समाज तथा झापाली समाज अष्ट्रेलियाका संस्थापक अध्यक्ष पनि हुन्।

## चासोक तङ्नाम, साकेला र ल्होसार मनाइयो



**ताप्लेजुङ, पुस १५।** नेपालका आदिवासी किरात लिम्बू समुदायको महानचाड 'चासोक तङ्नाम' विविध सांस्कृतिक पूजाआजा गरी देशभर मनाइयो। यस पर्वमा घरमा भित्र्याइएको नयाँ अन्नबाली कुलदेवता युमामा चढाइसकेपछि खानको लागि अनुमति लिने चलन छ।

तङ्नामको अवसरमा नयाँ अन्नबालीबाट बनाइएका परिकार खाने चलन छ। तङ्सिङ, च्याब्रुङ (के) बजाएर केलाङ, याःलाङ, हाक्पारे, ख्याली, तुवा र ताम्के गाउँदै याक्वा सेवा गरिन्छ। पङ्लुङ, लितोङजस्ता सांस्कृतिक खेल पनि खेलाइन्छ। पछिल्लो समय चासोक तङ्नामको अवसरमा लिम्बू समुदायमा शुभकामना आदानप्रदान, आत्मीयता र सद्भाव साटासाट गरी मनाउने चलन पनि विकसित हुँदै गएको छ।

प्रकृति पुजक लिम्बू समुदायले प्रकृतिको पूजा गर्दै यो चाड धुमधामका साथ मनाउने गर्दछन्। यसवर्ष ताप्लेजुङमा विश्वव्यापी महामारी कोरोना भाइरस सङ्क्रमणका कारण भव्य कार्यक्रम गरिएको छैन।

नेपालभर किरात लिम्बू समुदायले चासोक तङ्नाम मनाउँछन् भने राई र सुनुवार समुदायले यस चाडलाई साकेला (उधौली) भनी मनाउने गर्दछन्। चासोक तङ्नामसँगै तमू समुदायले ल्होसार ( नयाँ वर्ष) मनाउने गर्दछन्। आज नै नेपालभर रहेका तमू समुदायले तमू ल्होसार मनाएका छन्।

## हेरोइनसहित पक्राउ

**झापा, पुस १५।** मेचीनगर नगरपालिका-८ मेची क्राउन होटल पछाडि सडकबाट करिब ५ ग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने वस्तुसहित दुई जनालाई

(बाँकी अन्तिम पृष्ठमा)

**सूचना ! सूचना !! सूचना !!!**

अर्जुनधारा न.पा.-५, लक्ष्मीपुर (बिहीबारे)स्थित नवदुर्गा पाञ्चातन मन्दिर परिसरमा यही मिति २०७७साल पुस १४ गतेदेखि शुरु भइ १९ गते समापन हुने गरी मन्दिरको १६औं बार्षिकोत्सवको अवसरमा १६औं अनुष्ठानको रुपमा श्रीमद् ब्रम्हमहापुराणको आयोजना हुने भएकोले सो पुनित कार्यमा उपस्थितिको लागि कोभिड-१९को महामारीको कारण औपचारिक पत्राचार गर्न नसकिएकोले यसै सूचनालाई आधारमानी स्वास्थ्यका सवै मापदण्ड पूरा गरी उपस्थित भई दिनुहुन सम्पूर्ण धर्मानुरागी महानुभावहरु, संस्थापक, सम्मानार्थ, मानार्थ, आजीवन सदस्यज्यूहरु एवम् संघ-संस्थाका प्रतिनिधिज्यूहरुलाई सादर आमन्त्रण गर्दछौं।

**पुराण आयोजक समिति, लक्ष्मीपुर, अर्जुनधारा**

**डाक्टर आउने बारेको सूचना**

**डा. अन्जल बिष्ट**
M.B.B.S.M.D. (Internal Medicine)(NAMS)
Fellowship in clinical immunology and Rheumatology (GRIPMER New Delhi)
EULAR Course in Rheumatic Disease(Zurich,Switzerland)
**बाथ रोग बिशेषज्ञ**
NMC-8013

यसपटक यही पुस १७ गते शुक्रवार र १८ गते शनिवार **वीर अस्पताल** काठमाडौंबाट आउँदै हुनुहुन्छ।

**प्रान्जल फार्मेसी**, बिर्तामोड-४ (अन्धुवा पुल उत्तर), झापा
फोन नं. ०२३-५४४८२२, ९८४२६५४३२५




**समाल रियल स्टेट प्रा.लि.**
**जग्गा खरिद बिक्री केन्द्र**
गोर्खा सुपर मार्केट छेउ, शनिश्चरे रोड, बिर्तामोड, झापा
**प्रबन्ध निर्देशक: राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**
दैनिक OPD, क्षारसुत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारका लागि **सम्पर्क** : ९८०६०००३१३/०२३-५९०१६६

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**

पहिले ०२३-५४१००२/ ५४००४४
अहिले ०२३-५३१००२/ ५३००४४

## वीरता लेडी जेसीजको अध्यक्षमा स्वस्तिका



**बिर्तामोड, पुस १५।** वीरता लेडी जेसीजको अध्यक्षमा स्वस्तिका आचार्य सिटौला निर्विरोध निर्वाचित भएकी छिन् ।

बुधवारराति बिर्तामोडमा सम्पन्न शाखाको १७औं साधारणसभा तथा अधिवेशनबाट सन् २०२१का लागि आचार्य अध्यक्षमा चयन भएकी हुन् । पत्रकारितामा क्रियाशील उनी नेपाल पत्रकार महासंघ झापाको सदस्य समेत छिन् । सहमतिका लागि यसअघि उनले उम्मेदवारी फिर्ता लिँदै आएकी थिइन् । अध्यक्ष पदका उम्मेदवारहरु संगीता चिमरिया र कामना उप्रेतीले सहमति र सहकार्यका लागि आफ्नो उम्मेदवारी फिर्ता लिएपछि आचार्य अध्यक्षमा निर्विरोध चयन भएकी हुन् ।

त्यस्तै कार्यकारिणी उपाध्यक्षमा संगीता गिरी र युनिता दवाडी निर्विरोध चयन भएका छन् । सहसचिवमा सुमित्रा भट्टराई, उपाध्यक्षहरुमा दीपा शिवाकोटी, मेनुका ओली, रोजिना पाण्डे र अर्चना रावत चयन भएका छन् । जनसम्पर्क अधिकारीमा टीका तिवारी, तालिम संयोजक सेलिसा उप्रेती र शाखा सम्पादकमा पवित्रा गौतम निर्विरोध चयन भएको निर्वाचन अधिकृत सरु भूर्तेल खनालले जानकारी दिइन् । २०२१की अध्यक्ष आचार्यले बुधवारे नै कार्यसमितिको कानूनी सल्लाहकारमा संगीता चिमरिया, महासचिवमा हिमा पौडेल र कोषाध्यक्षमा झुमा चुडाललाई मनोनित गरेकी छिन् ।

त्यसअघि सन् २०२०की अध्यक्ष सुष्मा भण्डारी पौडेलको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन प्रमुख अतिथि समाजसेवी राजकुमार पोखरेलले गरेका थिए । उनले समाजमा सकारात्मक परिवर्तनका लागि जेसीज अभियानको ठूलो भूमिका हुने बताए ।

कार्यक्रममा संस्थाका अध्यक्ष सल्लाहकार पत्रकार उमाकान्त खनाल, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी, वीरता जेसीजका पूर्वअध्यक्ष तथा नेपाल जेसीजका पूर्वउपाध्यक्ष विशाल थापा, शाखाकी पूर्वअध्यक्ष रजनी बजगाई लगायतले मन्तव्य राखेका थिए । अधिवेशन निर्देशक नैनकला भट्टराई र निर्वाचन अधिकृत भूर्तेलले कार्यक्रम बारे जानकारी गराएका थिए ।

महासचिव संगीता गिरीले सञ्चालन गरेको कार्यक्रममा आस्था वाचन सेलिसा उप्रेती र स्वागत हिमा पौडेलले गरेका थिए । अधिवेशन अन्तर्गत विभन्न पदमा उम्मेदवारी दर्ता गरेका उम्मेदवारहरुलाई नेपाल जेसीजका पूर्व राष्ट्रिय तालिम आयुक्त तथा वीरता जेसीजका पूर्वअध्यक्ष एकराज गिरी र पत्रकार महासंघका जिल्ला सहसचिव केशव भट्टराईले प्रशिक्षण दिएका थिए ।

# रमेश प्रसाईंलाई नागरिक अभिनन्दन, नाटक घरलाई १५ लाख



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, पुस १५।** पब्लिक स्पीकर रमेश प्रसाईंलाई झापाको बिर्तामोडमा वुधबार नागरिक अभिनन्दन गरिएको छ ।

झापाको बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माण भइरहेको बहुभाषी, बहुजाति, बहुसाँस्कृतिक संग्रहालयसहितको झापा नाटकघरमा आयोजित कार्यक्रममा क्षितिज नाट्य समूह झापाको अगुवाईमा झापाली कलाकारहरुको तर्फबाट पब्लिक स्पीकर प्रसाईंलाई नागरिक अभिनन्दन गरिएको हो ।

झापा नाटकघर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईंको अध्यक्षता तथा प्रदेश सांसद जसमाया गजमेरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा निर्माण व्यवस्थापन समितिका सहसंयोजक कुमार भट्टराईले स्वागत गरेका थिए । क्षितिज संगीत साधना प्रतिष्ठान झापाका कलाकारहरुले स्वागत गीत प्रस्तुत गरेको कार्यक्रममा प्रमुख अतिथि प्रदेश सांसद गजमेरले दान पेटीकामा एक हजार एक रुपैयाँ हालेर कार्यक्रमको उद्घाटन गरेकी थिइन् ।

कार्यक्रममा क्षितिज नाट्य समूह झापाको अगुवाईमा तीन दर्जनभन्दा बढी सामाजिक संघसंस्थाले पब्लिक स्पीकर प्रसाईंलाई कदर पत्र, नेपाली टोपी, खादा, दोसल्ला र नगद प्रदान गरेर अभिनन्दन गरेका थिए ।

कार्यक्रमअघि पब्लिक स्पीकर प्रसाईंलाई नौमती वाजा, च्याब्रुङ बाजागाजासहित नेवारी, लिम्वू, सन्थाल, राजवंशी, तमुलगायतका विभिन्न परम्परागत साँस्कृतिक भेषभुसामा सजिएका झापालीहरुले स्कटिङ गरी झापा नाटकघरमा भित्र्याएका थिए ।

झापाका प्रसाईंले वक्तृत्वको माध्यमद्वारा समाज रुपान्तरणमा पुर्‍याएको योगदानको कदर गर्दै नागरिक अभिनन्दन गरिएको बताइएको छ ।

कार्यक्रममा पब्लिक स्पीकर प्रसाईंले क्षितिज नाट्य समूहले अगुवाई गरेर सरकारले समेत बनाउन नसकेको झापाको बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माण भइरहेको बहुभाषी, बहुजाति, बहुसाँस्कृतिक संग्रहालयसहितको झापा नाटकघर निर्माण गरेको भन्दै प्रशंसा गरेका थिए । झापा नाटक घरलाई देशकै नमूना नाटक घर बनाउन आफू लागीपर्ने बताउँदै उनले यसमा सहयोग गर्न सवैलाई आग्रह गरे ।

कार्यक्रममा बहुभाषी, बहुजाती, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटकघर निर्माणका लागि राजकुमार पोखरेल , ज्ञानुराम प्रसाईं, कुमार भट्टराई, गोपीकृष्ण प्रसाईं, प्रकाश शिवाकोटी, प्रशान्त भण्डारी, मिनप्रकाश मैनाली, पार्वता खरेल विमली, गजेन्द्रबहादुर पौडेल, डिल्लीराम सिटौला, मदन रसाइली, सुजना खतिवडाले एक धुर क्षेत्रफलको जग्गा बरावरको रकम एक लाख एक हजारको चेक प्रदान गरेका थिए ।

त्यस्तै अग्निप्रसाद पाण्डे, भीम राई, कमलसरी राजवंशी, युवराज पाठक लगायतले ५१ हजार रुपैयाँ बराबरको चेक प्रदान गरेका थिए भने ८३ वर्षीया मनमाया पाठकले एक व्यक्ति एक इँटा समर्पण अभियान अन्तर्गत एउटा इँटा प्रदान गरेकी थिइन् ।

सोही कार्यक्रममा मंगलबार गठन गरिएको क्षितिज संगीत साधना प्रतिष्ठानका नवनिर्वाचित पदाधिकारीहरुलाई पद तथा गोपनियताको शपथ ग्रहण गराइएको थियो । कार्यक्रममा निर्वाचन अधिकृत नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले क्षितिज संगीत साधना प्रतिष्ठानका अध्यक्ष निरज पोखरेल लगायतका नवनिर्वाचित पदाधिकारीहरुलाई पद तथा गोपनियताको शपथ ग्रहण गराउनुका साथै निर्वाचित प्रमाणपत्र प्रदान गरेका थिए ।

प्रदेश सांसद झलकसिंह दर्लामी, बिर्तामोड नगरपालिकाकी उपमेयर पवित्रा महतारा प्रसाईं, कनकाई नगरपालिकाका मेयर राजेन्द्रकुमार पोखरेल जलकुमार गुरुङलगायतले शुभकामना दिएको कार्यक्रममा सांगीतिक प्रस्तुति गरिएको थियो । कार्यक्रमको सञ्चालन क्षितिज नाट्य समूह झापाका केन्द्रीय अध्यक्ष माधव कल्पितले गरेका थिए ।

## साहित्यकार ढुंगेलको 'देश र आमा' सार्वजनिक



**बिर्तामोड, पुस १५।** बिर्तामोडमा आयोजित एक कार्यक्रमका बीच साहित्यकार, गीतकार तथा मोडल भगवती ढुंगेलको चौथो कृति कविता तथा गीति संग्रह 'देश र आमा' विमोचन गरिएको छ ।

मातृकला साहित्य आश्रम मेचीनगरको आयोजना तथा सरगम संगीतालय बिर्तामोडको सहआयोजनामा बुधबार भएको कार्यक्रममा उक्त कृतिको बिमोचन गरिएको हो । मातृकला साहित्य आश्रम मेचीनगरका अध्यक्ष मातृकाप्रसाद संग्रौलाको अध्यक्षता तथा प्रा.डा. टंक न्यौपानेको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा सरगम संगीतालय बिर्तामोडका प्रवन्धनिर्देशक दीपक रायमाझीले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रा.डा. न्यौपाने, प्राज्ञ सभा सदस्य शुभद्रा भट्टराई, कोमलप्रसाद पोखरेल, पुण्यप्रसाद खरेल, राजेन्द्र संग्रौला, देवीभक्त श्रेष्ठ, शिवशंकर थापा, केशव आचार्य, प्रेमप्रकाश फलाहारी, देवी संग्रौला, बिर्तामोड-२का वडाध्यक्ष नगेन्द्र संग्रौला लगायतले कृतिको विमोचन गरेका थिए ।

कार्यक्रममा कवयित्री ढुंगेलले आफ्नो चौथो कृतिको रुपमा कविता तथा गीति संग्रह देश र आमा विमोचन गरिएको बताइन् । देवी संग्रौलाले पुस्तकको समीक्षा गरेका थिए भने प्राज्ञ सभा सदस्य भट्टराईले ढुंगेलले साहित्यिक कृति प्रकाशन गरेर साहित्यको क्षेत्रमा एउटा इँटा थपेको बताइन् ।

कार्यक्रममा साहित्यकार विनोद खनाल, विद्या निर्दोशी, अम्बिका घिमिरे, युवा वैज्ञानिक शिवराज लिम्वू, चर्चित लोकदोहोरी गायिका कल्पना दाहाल, नेपाल लोकदोहोरी प्रतिष्ठान झापाका अध्यक्ष तथा लोकदोहोरी गायक अच्यूत दाहाललाई सम्मान गरिएको थियो । सोही कार्यक्रममा मृगौला पीडित वरिष्ठ वाद्यवादक फूर्वा योञ्जनलाई स्थानीय रामप्रसाद मैनालीले दश हजार रुपैयाँ प्रदान गरेका थिए । उक्त रकम साहित्य चौतारी झापाका संस्थापक/संरक्षक देवीभक्त श्रेष्ठ, संस्थापक अध्यक्ष शिवशंकर थापा, सरगम संगीतालय बिर्तामोडका प्रवन्ध निर्देशक दीपक रायमाझीलाई हस्तान्तरण गरिएको थियो ।

सोही कार्यक्रममा लोकगायिका दाहालले नेपाल लोकदोहोरी प्रतिष्ठान झापाका अध्यक्ष तथा लोकदोहोरी गायक अच्यूत दाहालसंग पूर्वेली भाकाको लोकदोहोरी गाएको मोडल जनक खड्काले बताए । कार्यक्रममा कलाकारहरु कृपा पौडेल, अनुजा कडरिया, श्रद्धा प्रसाईंले गीत प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौला र मदनआश्रित चुडालले गरेका थिए ।

विर्तामोड-१ निवासी ढुंगेलका उपन्यासहरु 'आधा सत्य' 'प्रेमिल' 'प्रेमकुण्ड' र 'मधुशाला बन्यो' र 'हाँसौ कसरी' 'न पिउँ त' बोलको गीत र म्युजिक भिडियो समेत सार्वजनिक भइसकेका छन् ।

# बिर्तामोडमा ह्याप्पी किचन

*__झापा, पुस १५।__ झापाको बिर्तामोडस्थित सिटी सेन्टरमा ह्याप्पी किचन सञ्चालनमा आउने भएको छ ।*

*होटल सञ्चालनको पूर्वसन्ध्यामा बुधवार आयोजित पत्रकार सम्मेलनमा सञ्चालक हिमालय प्रसाईंले विगत दुई वर्षदेखि हस्पिटालिटी सेवा प्रदान गर्दै आएकोमा आज पुस १६ गतेदेखि तेस्रो प्रयासका रुपमा ह्याप्पी किचन सञ्चालनमा ल्याउन लागिएको बताए । ह्याप्पी किचनले भद्रपुर रोडमा किड्स जोनसहितको रेष्टुरेन्ट र मुक्तिचोकमा फास्टफुडको सेवा प्रदान गर्दै आएको छ ।*

*'ग्राहकको मायाले हामीले तेस्रो होटल सञ्चालन ल्याएका हौँ'- उनले भने- 'हामीले लाइभ किचनसहित होटल सञ्चालनमा ल्याएका छौँ, ग्राहकले अर्डर गरेको खाना आफ्नै आँखाले पकाएको देख्न पाउन सक्नेछन् ।' ह्याप्पी किचनमा सबै वर्गका ग्राहकले उत्कृष्ट सेवा पाउने उनले बताए ।*

*होटल म्यानेजमेन्टमा डिग्री गरेर १३ वर्ष सोही क्षेत्रमा अनुभव संगालेकी ह्याप्पी किचनकी सञ्चालिका कृष्टिना भिल्यामिनो प्रसाईंले नेपाली, इण्डियन, चाइनिज, फिलिपिनो लगायतका खानासँगै अर्डर बमोजिमको परिकार उपलब्ध गराइने बताइन् । 'उत्कृष्ट सेवा दिएर ग्राहकलाई सन्तुष्ट पार्ने कुरामा कुनै कसर बाँकी राखिने छैन'- उनले भनिन्- 'त्यसका लागि होटल खोल्नुभन्दा अगाडि फुड टेस्टिङ समेत गरेका छौं ।' फुड टेस्टिङमा दुई सय जनाभन्दा बढीले निःशुल्क विभिन्न परिकारको स्वाद लिएका छन् ।*

*ह्याप्पी किचनमा ५० जना भन्दा बढी अटाउने रेष्टुरेन्ट हल समेत रहेको छ । जसमा जन्मदिन, सेमीनार लगायतका कार्यक्रम गर्न सकिने सञ्चालकहरुको भनाइ छ । तीनै स्थानमा रहेको ह्याप्पी किचनमा हालसम्म दुई करोड रुपैयाँ लगानी भइसकेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।*

### ३०० जनाले ...

अवस्था बुझेपछि वास्तविक बेसहाराको पहिचान गरेर मात्रै उद्धार गर्न थालिएको उनले बताए । जो पायो त्यही उठाउँदा एक त व्यवस्थापन गर्न कठिन, अर्को घरपरिवार भएका र काम गरेर खान सक्ने व्यक्तिका लागि यो अभियान हुँदै होइन- अधिकारीले अभियानबारे प्रष्ट्याउँदै भने ।

कोही पनि भोको नाङ्गो भएर र एक छाक खान नपाएर, माग्न पनि नसक्ने अवस्थामा सडकमा बसिरहेका व्यक्तिको संरक्षण गर्ने योजनाका साथ वि.सं. २०६९ मा उक्त आश्रम स्थापना भएको थियो । सोही अभियानलाई साकार पार्न पछिल्लो समयमा नेपाल सरकारसँग समेत सहकार्य भएको छ । सरकारबाट केही सहयोग प्राप्त छ तर धेरै सहयोग भने सर्वसाधारणबाटै हुने गरेको जनाइएको छ ।

### सुनुवाई ...

अनुसार मुलुकको दैनिक काम मात्रै सञ्चालन गर्न सक्ने भन्दै निवेदनमा सरकारले मन्त्रिपरिषद्मा नयाँ नियुक्ति, हेरफेर र कार्यविभाजन गर्न नसकिने उल्लेख छ ।

निवेदनमा गत १० गते प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्मा गरिएको नयाँ नियुक्ति, हेरफेर र कार्यविभाजनलाई बदर गर्न माग गरिएको छ । निवेदनमा प्रधानमन्त्रीले मन्त्रिपरिषद्बाट थप नियुक्ति, हेरफेर र कार्यविभाजन नगर्न आदेश जारी हुनुपर्ने मागसमेत गरिएका छन् । कोरोना संक्रमणको जोखिम रहेकाले स्वास्थ्य मापदण्डहरूको पालना गर्दै निर्वाचन प्रचारप्रसार र मतदानलगायत प्रक्रियाको विस्तृत कार्ययोजना प्रस्तुत गर्न पनि निवेदकले माग गरेका छन् ।

### हेरोइनसहित ...

प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २४ वर्षीय सुरज पौडेल र अर्जुनधारा नगरपालिका-८ बस्ने २१ वर्षीय अंकित शर्मा रहेका छन् । विशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरीले को.३८ प ७१४९ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त परिमाणको वस्तुसहित फेला पारी पक्राउ गरेको हो ।

### सहचालकले ...

सिर्जना पौडेल, ४२ बर्षीय सागरचन्द्र सापकोटा, १६ वर्षीया कविता चापागाईं र रवीन अधिकारी रहेका छन् ।

त्यस्तै, विर्तामोड-५, झापा निवासी बर्षीय रामचन्द्र उप्रेती र उर्लाबारी-४, मोरङ निवासी ७४ बर्षीय गोमादेवी सापकोटा रहेका छन् । घाइते आठ जनामध्ये उर्लाबारी निवासी ७४ बर्षीय सापकोटाको अवस्था गम्भीर रहेको र फिदिमस्थित समर्पित हस्पिटलमा उपचार भइरहेको जनाइएको छ ।


**Teacher Wanted**

Primary Teacher- 01
Contact: **023-534939, 9804998590**

**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी ।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी ।
**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**

**सूचना ! सूचना !! सूचना !!!**

**'सम्पूर्ण होटल व्यवसायी एक हौं'**

होटल व्यवसायी संघ मेचीनगरको मिति २०७७ पुस १७ गते शुक्रवार वनभोज कार्यक्रम (पिकनिक) को आयोजना गरिएको हुँदा निम्न समय र स्थानमा उपस्थित भई दिनुहुन सम्पूर्ण मेचीनगरभरि छरिएर रहनुभएका होटल व्यवसायीहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं ।
मितिः २०७७ पुस १७ गते शुक्रवार । समयः विहान ८ बजे
स्थानः मेचीनगर-८, पातालगंगा, झापा

**हस्तकुमार तामाङः सचिव** **सुरेशकुमार श्रेष्ठः अध्यक्ष**

**श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि.,**
**बिर्तामोड-५ झापा (०२३-५४२०२९) को**

**साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०७७।०७।०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको १२औं वार्षिक साधारणसभा कोरोना महामारीका कारण नेपाल सरकारद्वारा जारी निर्देशन अनुसार बृहत् रुपमा भेला तथा सम्मेलन गर्न नपाइने भएकोले यस बिषम् परिस्थितिमा सहकारी बिभागद्वारा जारी निर्देशनको परिधिभित्र रही निम्न मिति, समय र स्थानमा साधारणसभा सम्पन्न हुने हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई जनकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभामा प्रस्तुत हुने प्रतिवेदन कार्यालयका प्रतिनिधिमार्फत पठाई सकिएको हुँदा आवश्यक सल्लाह र सुझाव मिति २०७७ पुस १६देखि १९ गतेसम्ममा कार्यालय समयभित्र बुझाउनु हुनको लागि समेत सूचित गरिन्छ ।

**मिति** : २०७७।०९।२१ गते मंगलबार **समयः** बिहान ११:०० बजे
**स्थान** : संस्थाको सभाहल, बिर्तामोड-५, झापा

**रेवती खनाल : अध्यक्ष**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond


(नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय
धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३१३१७/५३३३१७
Email:- info@miteribank.com.np

**कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना**

**(प्रथमपटक प्रकाशित मिति : २०७७/०९/१६**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखावाट उपभोग गरेको कर्जाको साँवा र व्याज भुक्तानी लामो समयदेखि बक्यौता रही रहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको व्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशीघ्र चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूल उपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराइन्छ । साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानतकर्ताको तिनपुस्ते विवरणसहितको नाम समावेश गरिने व्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**
**शनिश्चरे शाखा, झापा (०२३-४६५६४४)**

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
| --- | --- |
| कर्जाको किसिम<br>१. व्यवसायिक कर्जा<br>ऋणी/व्यवसायको नाम :- न्यु डिजाइनर टेलर्स (प्रो. भुपाल परियार), दर्ता कार्यालय : नगर कार्यपालिकाको कार्यालय, झापा, दर्ता नं. : ५२ दर्ता मिति : २०७४/१०/१०, स्थायी लेखा नं. : [illegible], दर्ता कार्यालय भद्रपुर झापा, दर्ता मिति : २०७५/०५/१७<br>प्रोपाईटर/ जमानत कर्ता<br>श्री सदरुप सिंह दर्जीको नाति श्री प्रतिमान परियारको छोरा जिल्ला झापा, अर्जुनधारा न.पा. ०८, शनिश्चरे बस्ने बर्ष ४० को श्री भुपाल परियार (ना.प्र.नं.[illegible] जि.प्र.का. झापा जारी मिती [illegible])<br> | श्री भुपाल परियारको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला शनिश्चरे वार्ड नं ३ को कित्ता नं. [illegible] को क्षेत्रफल (०-०-११) भएको जग्गा ।<br>जमानत कर्ता<br>श्री शंकर प्रसाद नेपालको छोरी श्री भुपाल परियारको श्रीमती जिल्ला झापा, अर्जुनधारा न.पा ०८, शनिश्चरे बस्ने बर्ष ३२ की श्रीमती विमला परियार (ना.प्र.नं.०२/४१०९ जि.प्र.का. झापा जारी मिती [illegible])<br> |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा व्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## राष्ट्रिय स्वार्थलाई ख्याल गर

**कोरोनाले थिल्थिलो भएको नेपालको जीवनमा यतिखेर राजनीतिक ताप बढ्दै गएको छ । प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेपछि उत्पन्न परिस्थितिले नेपाली राजनीतिको तापक्रम पुसको चिसोमा पनि बढेको अनुभूत गरिँदैछ । दिनहुँ देशभरि नै सरकार अझ भनौं प्रम ओलीको निरंकुश प्रवृत्तिका विरुद्ध सभा, जुलुस र र्‍याली भइरहेका छन् । यही समय छिटपुट रुपमा प्रमको पक्ष र समर्थनमा पनि र्‍याली हुन थालेका छन् । यस्तो पक्ष–विपक्षको र्‍याली र सभाले कुनै पनि बेला परिस्थिति अशान्त हुने आशंका पनि त्यत्तिकै बढेको छ । हिजोसम्मका सहयात्रीहरु आज एकअर्कालाई सत्तोसराप गर्दैछन्, पोल खोलाखोलमा जुटेका छन् । केन्द्रमा हुर्किएको यो रोग गाउँ तहसम्म फैलिन थालेको छ । त्यसकै परिणाममा नेपाल कम्युनिस्ट पार्टीका कार्यालयका ढोकाहरुमा ताला थपिन थालेका छन् । लामो द्वन्द्व र अशान्तिपछि स्थापित शान्ति भङ्ग हुन थालेको अवस्थाले मुलुकलाई फेरि पनि अनिश्चयको दुर्घटनामा पारिँदैछ ।**

**सरकार देशको प्रतिनिधि हो भने जनप्रतिनिधिहरु जनताका । जनताका आवाज मुखरित हुने ठाउँ भनिने संसद विघटन भएपछि जनता अबोला बन्नु परेको छ । प्रधानमन्त्रीको यस्तो निर्णयलाई प्रतिगामी, निरंकुश र स्वेच्छाचारी भन्दै विपक्षी दलहरुले सडक संघर्ष थालेका छन् र प्रतिनिधिसभाको पुनर्स्थापना नहुञ्जेल सडक नछाड्ने चेतावनी दिइरहेका छन् । सत्तारुढ दलभित्रको सत्ता लिप्सा र स्वार्थको रडाकोलाई सहमतिमा अवतरण गराउन छिमेकीलाई गुहार्नुपर्ने अवस्थाको जिम्मेवार जनता होइनन् । छिमेकी देश चीनले उच्चस्तरीय प्रतिनिधि मण्डल पठाएर अन्तरकलहको आगो निभाउन गरेको प्रयास निष्फल भयो । उसले चिनियाँ सुरक्षामा आँच आउन सक्ने भन्दै सत्तारुढ दल नेकपालाई सचेत रहन सुझाएको छ । उसको यस्तो हस्तक्षेप स्वतन्त्र राष्ट्रका लागि लाज लाग्ने कुरा हुनुपर्ने स्वतन्त्र नागरिकको ठम्याइ छ ।**

**भर्खरै शान्त भएको नेपालको राजनीतिक सागरको छालमा तरंगित हुनुको जिम्मेवारी सरकारले नै लिनु पर्दछ । अब उठ्न सक्ने छालहरुले कसलाई बगाएर कता लान्छ यकिन गर्न सजिलो छैन । यही समय प्रतिबन्धित राजनीतिक शक्ति विप्लव नेतृत्वको नेकपाले समान विचारका अन्य दुई दलसँग रणनीतिक संयुक्त मोर्चा गठन गरेको छ । मोर्चाले संसद पुनर्स्थापना, मध्यावधि निर्वाचन वा सरकार परिवर्तन मात्रैले वर्तमानको संकटको समाधान नहुने भन्दै जनगणतन्त्र र वैज्ञानिक समाजवादको स्थापना गर्नुपर्ने जनाएको छ । देश एकातिर वाह्य हस्तक्षेपको त्रासमा छ भने अर्कातिर आन्तरिक शक्तिहरु नै एक–अर्कालाई निषेध गर्ने रणनीतिमा छन् । त्यही समय सरकारकै तर्फबाट ढुंगा हानेर अशान्त बनाएको राजनीतिक सागरको धमिलो पानीमा आ–आफ्नो अभीष्ट पूरा गर्न खोज्नेहरुको सलबलाहट बढ्नु अनौठो होइन । यस्तोमा देश र जनताका सर्वोच्च प्रतिनिधिले नै विचार र दृष्टि पुऱ्याउनै पर्छ, अन्यथा परिणाम भयानक हुनसक्छ ।**

# कांग्रेस दोधारे कि देउवा



**चिन्तामणि दाहाल**

**वर्तमान राजनीतिक अवस्था :**

लगभग दुई तिहाईको जनमत पाएको नेकपाका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा पाँच बर्षे कार्यकालका लागि सरकार गठन भएको तीन बर्ष पुग्न करिब दुई महिना बाँकी छँदै प्रतिनिधि सभा विघटन भयो। पार्टीको प्रचण्ड बहुमत थियो। अध्यक्ष पनि आफैं थिए ओली। तर, उनैले जनप्रतिनिधि संस्था सनककै भरमा विघटन गराए। आखिर के का लागि ?

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संविधान र कानूनका किताब पल्टाउँदै कहाँ होला विरोध गर्ने ठाउँ भनेर पढी बसेको थियो र अझै छ। आफू अन्तर्गत रहेका अरु नेता र कार्यकर्ताहरुलाई पालैपालो भाग दिएकै थियो। अझै दिने ठाउँ थियो। पार्टी एक्लैले चल्न सक्दैन भन्ने कुरा ओलीलाई थाहा नहुने कुरा भएन। तर, पनि उनले नितान्त व्यक्तिगत स्वार्थ र अहम् तुष्टिका लागि र आफ्ना आसेपासेका लागि आफ्नो ६० बर्षको राजनीतिक योगदानलाई दाउमा थापेका छन्। संविधानको जुन धारा टेकेर ओलीले प्रतिनिधि सभा विघटन गर्न सिफारिस गरे अनि सोही आधारलाई सरक्क मानेर राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरिन्। जब कि यो कदम संविधान पढ्दा, बुझ्दा र महशुस गर्दा असंवैधानिक देखिन्छ।

ओलीको यही असंवैधानिक, अलोकतान्त्रिक र स्वेच्छाचारी कदमविरुद्ध ओली समूहका कम्युनिष्ट नेता बाहेक सबै राजनीतिक दल र तीनका नेताहरु सडकमा उत्रेका छन्। ती राजनीतिक दलका भातृ संगठन र शुभेच्छुकहरु पनि सडकमा उत्रेका छन्। आमजनता जो संविधान पढन जान्दछन् र पढेको सुन्दा बुझ्न सक्छन् ती पनि सबै ओलीको कदम गलत भयो भनेर सामाजिक सञ्जालमा पनि विरोधमा उत्रिएका छन्। जसले ती नेता कार्यकर्ताले ठिकै भन्ने ठान्छन् ती पनि विरोधमा छन्।

विद्वान मानिएका संविधानविद्, वकिलहरु, प्राध्यापक, बुद्धिजीवी, नागरिक समाजका अगुवा सबै ओलीको कदम असंवैधानिक भनेर विरोधमा छन्। तर, ओली र उनका आसेपासे नेताहरु र ती नेताका फेर र पछ्यौरा समातेर वैतर्णी तर्न खोज्नेहरु भने ओलीको कदमलाई क्रान्तिकारी कदम मानेर समर्थनमा छन्। त्यसैगरी हिजोको निरंकुश राजावादी मान्छेहरुको एक समूह जो राप्रपा नामक दल खोलेर झर्ला र खाउँला भनेर आशा लिएर बसेको दल छ त्यो पनि ओलीको कदमको समर्थनमा छ। पंक्तिकारले देखेको अहिलेको राजनीतिक अवस्था यही हो।


**दोधारे को ?**

आफूलाई सच्चा लोकतान्त्रिक दल र लोकतन्त्रको पर्याय ठान्ने र हुँदै आएको पहिलाको संवैधानिक राजतन्त्रलाई आफ्नो विधानमै राखेर राजा बोकेर हिँडेको र २०६५ सालयता लोकतान्त्रिक गणतन्त्रलाई सिद्धान्त बनाएर अघि बढेको राजनीतिक दल कांग्रेस अहिलेको अवस्थामा कहाँ छ भन्ने यस आलेखको आजको विषय वस्तु हो।

शीर्षकमै भनियो कांग्रेस दोधारे हो कि देउवा। अर्थात् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा। पंक्तिकारले विगत २९ बर्षदेखि देउवाको बारेमा धेरथोर अध्ययन गर्ने प्रयास गर्दै रहेको छ। कतिपय अवस्थामा नजिकै गएर र कतिपय अवस्थामा प्रश्नहरु सोधेर अनि कतिपय अवस्थामा भेटघाट गरेर बुझेको देउवा र विगत १० बर्षयता भने सम्पर्क नै नभए पनि राजनीतिक क्रियाकलापका बारेमा उनले गरेका भाषण र पार्टीभित्र उनले गरेका निर्णय र बहसका आधारमा पनि अध्ययन गरिराखेको छ।

यस आधारमा हेर्दा पंक्तिकारले ठोकुवा गर्छ कि देउवाको विगत केही बर्षदेखिको चरित्र दोधारे छ। स्वार्थप्रेरित छ। हठी छ। दम्भी भएको छ। अर्थात् ओली प्रवृत्तिबाट प्रभावित भएको छ। उनको गतिविधि ओली पछिल्लो पटक प्रधानमन्त्री भएयता ओलीसँग साँठगाँठ गरेर आफ्नो स्वार्थसिद्ध गर्न लागेको हो कि भन्ने कुराले आशंकित छ। उनी पार्टीभित्रै शंकाको घेरामा परेका छन्। अर्थात् कांग्रेस दोधारे होइन देउवा दोधारे हुन् भन्ने पंक्तिकारको निचोड हो। देउवा एक्लै कांग्रेस होइनन्। कांग्रेस लाखौं छन्। त्यसैले देउवा मान्नुहुन्न भन्ने होइन अरु कांग्रेसले। यदि देउवाकै साथ सति जाने हो भने अलग्गै कुरा हो।





**जसरी ओलीलाई बोकेर हिंडेकैले अहिले नेकपाको यो हविगत भएको छ। गणतन्त्र विरोधी प्रवृत्तिका ओलीलाई गणतन्त्रको माग राखेर बन्दुक बोकेकाहरुले मेल गरे। यसरी मेल हुन सक्तैनथ्यो। भयो। अब छुट्टिने बेला भएको छ।**

**कांग्रेसको अबको अवस्था :**

सोमबार कांग्रेसले एकसाथ देशव्यापी विरोध प्रदर्शन गऱ्यो। विरोध प्रदर्शनको कार्यक्रम राख्ने निर्णय गर्न कांग्रेसको केन्द्रीय समितिलाई तीन दिन लाग्यो। देउवाले अहिले विरोध प्रदर्शन नगर्ने भनेकैले उनलाई गलाउन तीन दिन लागेको हो। जब बरिष्ठ नेता रामचन्द्र पौडेलले नोटअफ डिसेन्ट लेख्छु भने अनि एक दिनअघि काठमाडौंमै अलग भेला बोलाएर प्रदर्शन गर्नुपर्ने सहमति गरे, तब देउवा प्रदर्शन गर्ने पक्षमा गए। उनको यस व्यवहारले आशंका जन्माएपछि प्रदर्शनको एक दिनअघि उनले प्रदर्शनमा सहभागी हुन आव्हान गर्दै विज्ञप्ती नै निकाल्नु पऱ्यो।

सोमबार एकैसाथ १ सय ६५ वटै निर्वाचन क्षेत्रमा हजारौंको समर्थनमा गरिएको विरोध प्रदर्शन प्रभावकारी थियो। विरोध प्रदर्शनमा केन्द्रीय सभापति देउवासहित बरिष्ठ नेता पौडेल, केन्द्रीय सदस्यहरु, जिल्लाका सभापतिहरु, क्षेत्रीय सभापतिहरु, पालिका र वडा सभापतिहरुले पनि ओलीको कदम असंवैधानिक र अलोकतान्त्रिक भनेर विरोध गरे।

देउवा र उनका पिछलग्गु नेताहरु बाहेक अरु नेताहरुले अलोकतान्त्रिक र असंवैधानिक कदम सच्याउ, प्रतिनिधि सभा पुनर्स्थापना गर भनेर माग पनि गरे। माग पूरा नभए सशक्त आन्दोलन गर्ने चेतावनी पनि दिए। त्यसको नेतृत्व बरिष्ठ नेता पौडेलले गरे। तर, देउवा जो दलका केन्द्रीय सभापति पनि हुन् उनले भने प्रतिनिधि सभा विघटन अलोकतान्त्रिक, असंवैधानिक र स्वेच्छाचारी पनि भने तर प्रतिनिधि सभाको पुनर्स्थापनाको मुद्दा सर्बोच्च अदालतमा विचाराधीन भएकोले पुनर्स्थापनाको माग गर्दिन भने। माग गर्दा सर्वोच्च अदालतलाई दवाब दिएको ठहर्छ भन्ने देउवाको तर्क थियो। उनका पिछलग्गुहरुले प्रदर्शन गर्नु नै महत्वपूर्ण हो भन्ने तर्क अहिले पनि गर्दैछन् र भन्दैछन् आफैं बुझ्नुपर्छ। तर, उद्देश्य र लक्ष्य प्रष्ट नभनिएको आन्दोलनले परिणाम दिँदैन। चक्षु सुखमात्र देला।

यसैलाई भनिन्छ मुढ बुद्धि। कि देउवाले ओलीको कदम असंवैधानिक, अलोकतान्त्रि र स्वेच्छाचारी भन्नु हुन्नथ्यो। त्यो भनिसकेपछि सच्याउ भन्न हुँदैन भन्ने तर्क र ब्याख्यालाई नै मुढ वुद्धि भनिन्छ। यस्तो मुढ बुद्धि भएका देउवालाई बोकेर कांग्रेस कहिलेसम्म अघि हिँड्छ। अब पनि उनकै नेतृत्व मानेर कांग्रेसहरु अघि बढ्छन् भने कांग्रेसलाई राम-राम भन्न सकिएला काँध थाप्न सकिन्न। काँध थापेर अब गल्ती पनि गर्नुहुन्न।

जसरी ओलीलाई बोकेर हिँडेकैले अहिले नेकपाको यो हविगत भएको छ। गणतन्त्र विरोधी प्रवृत्तिका ओलीलाई गणतन्त्रको माग राखेर बन्दुक बोकेकाहरुले मेल गरे। यसरी मेल हुन सक्तैनथ्यो। भयो। अब छुट्टिने बेला भएको छ। चिनियाँ टोलीको सल्लाहमा नेकपाले ओलीलाई नै प्रमुख मानेर मिल्यो भने पुनः उही हविगत दोहोरिँदैन भन्न सकिन्न। आज यत्तिमै बहस सकौं।

## श्रीमानको स्मृतिमा ज्येष्ठ नागरिक चौतारी

**बिर्तामोड, पुस १५।** झापाको बिर्तामोड-३ स्थित स्वागत चोकमा ज्येष्ठ नागरिक चौतारीको उद्घाटन गरिएको छ।

गाउँमा रहेका ज्येष्ठ नागरिकहरुलाई भेला भएर सुख-दुःखका कुरा साटासाट गर्न सजिलो होस् भन्ने उद्देश्यले ज्येष्ठ नागरिक चौतारी बनाइएको बताइएको छ।

आफ्ना श्रीमान् वेदनिधी तिम्सिनाको स्मृतिमा १५ लाख मूल्य बराबरको छ धुर जग्गा निःशुल्क दान दिएर उक्त स्थानमा ज्येष्ठ नागरिक चौतारी बनाएको निर्माण समितिकी अध्यक्ष निर्मला तिम्सिनाले बताइन्। उनले भनिन्- 'श्रीमानको निधनपछि उहाँको सम्झनामा गाउँका वृद्ध बुवाआमालाई शितल छहारीको रुपमा ज्येष्ठ नागरिक चौतारो बनाएर भलाकुसारी गर्ने थलो बनाएको हुँ।'

बिर्तामोड नगरपालिका, वडा कार्यालयले पाँच लाख रुपैयाँ आर्थिक सहयोग गरेको साथै स्थानीयबासी, विभिन्न संघ-संस्थाको सहयोगमा आठ लाखभन्दा बढी खर्च गरेर ज्येष्ठ नागरिक चौतारीको निर्माण गरिएको समितिका अध्यक्ष तिम्सिनाले बताइन्। आफ्ना सन्तान सुमन तिम्सिना र सुधा तिम्सिनालाई सामाजिक काममा अग्रसर हुनाका साथै आफ्ना श्रीमानको सामाजिक योगदानलाई जिवित राख्न ज्येष्ठ नागरिक चौतारी सञ्चालनमा ल्याइएको उनको भनाइ छ।



चौतारीको उद्घाटन गर्दै बिर्तामोड-३ का वडाध्यक्ष भोजराज सिटौलाले ज्येष्ठ नागरिकहरुलाई समाजमा बोझको रुपमा नभई गहनाको रुपमा लिनुपर्ने बताए। कतिपय ठाउँमा ज्येष्ठ नागरिकको अपमान भइरहेका बेला स्वागत चोकमा निर्माण गरिएको ज्येष्ठ नागरिक चौतारीले वृद्ध बुवाआमाको सम्मान गरेको बताए।

कार्यक्रममा समाजसेवी रुद्र सिटौला, मोहन शिवाकोटी लगायतले स्वर्गीय वेदनिधी तिम्सिनाले समाजमा पुऱ्याएको योगदान तथा उनको निधनपछि श्रीमती निर्मलाले देखाएको उदारताको प्रशंसा गरे। ज्येष्ठ नागरिक चौतारी सञ्चालनमा आएसँगै त्यस क्षेत्रका वृद्ध बुवाआमाले खुशी व्यक्त गर्दै आफूहरुको सुख-दुःख साटासाटको थलो ज्येष्ठ चौतारी हुने बताए। उक्त स्थानमा खानेपाने र शौचालयको अभाव रहेको र उक्त विषयमा वडा कार्यालय तथा नगरपालिकासँग समन्वय गर्दै निर्माण प्रक्रिया अघि बढाइने स्थानीय दिनेश मैनालीले जानकारी दिए।

## काँकरभिट्टा क्याम्पसको तेस्रो सभा

**काँकरभिट्टा, पुस १५।** १ नम्बर प्रदेश सभा सदस्य श्रीप्रसाद मैनालीले नेपालको स्वास्थ्य र शिक्षालाई विश्वसनीय र गुणस्तरीय बनाउनुपर्नेमा जोड दिएका छन्। नेपालको स्वास्थ्य सेवा कस्तो रहेछ भन्ने कुरा कोरोना भाइरसका बखत प्रष्ट भएको भन्दै अब पनि स्वास्थ्य सेवालाई निःशुल्क, विश्वसनीय र गुणस्तरीय नबनाउने हो भने सिहंदरवारको अधिकार घर-घरमा भन्ने नारामा मात्रै सिमित हुने प्रदेश सभा सदस्य मैनालीले बताए।

मेचीनगरमा काँकरभिट्टा बहुमुखी क्याम्पसको २२औं स्थापना दिवस तथा वार्षिकोत्सव र तेस्रो क्याम्पस सभाको उद्घाटन गर्दै प्रदेश सभा सदस्य मैनालीले अहिले पनि हरेक नेपाली जनताको उपचारमा पहुँच नपुगेको तथा औषधि र अस्पताल देख्न नपाई मृत्युवरण गर्न बाँध्य रहेको दुखेसो व्यक्त गरे। सरकारी तलबसहित अन्य सेवासुविधा लिने अनि निजी अस्पताल र औषधि पसलका क्लिनिक चहार्ने सरकारी चिकित्सकको यो परिपाटीलाई अन्त्य गर्नुपर्नेमा उनको जोड थियो।

त्यसैगरी सरकार विद्यालयमा पढाउने कुनै पनि शिक्षकले आफ्ना सन्तानलाई निजी विद्यालयमा भर्ना गर्न नपाउनेगरीको कानूनको आवश्यकता उनले औंल्याए। सरकारी अस्पताल र विद्यालय अनि निजी अस्पताल र विद्यालयबीचको खाडल पुर्न पनि हरेक सरकारी अस्पातालको सेवासुविधा अनि विद्यालयको पढाई निक्कै गुणस्तरीय र विश्वसनीय रहनुपर्ने उनले बताए।

प्रदेश सभा सदस्य राधा थापाले काँकरभिट्टा बहुमखी क्याम्पसको उन्नति प्रगति र विकासका लागि आफ्नो क्षेत्रबाट गर्नुपर्ने कुनै पनि साथ सहयोगमा कमी आउन नदिने विश्वास दिलाए। उनले क्याम्पसको हरेक पूर्वाधारहरु पूरा गर्न र क्याम्पसमा देखिएका समस्या समयमै हल गर्न आफूले प्रदेश सरकार समक्ष पहल गर्ने बताए।

मेचीनगर नगरपालिकाका कार्यवाहक प्रमुख मीना पोखरेल उप्रेतीले स्थानीय सरकारको अधिनमा रहेका आफ्ना क्षेत्रभित्रका हरेक शैक्षिक र स्वास्थ्य संस्थालाई विश्वसनीय तथा भरपर्दोरुपमा सेवा प्रवाह गर्ने दाबी गरे। क्याम्पस सभा सदस्य धनप्रसाद गुरुङ, मोहनप्रकाश उप्रेती, पूर्व सहसचिव रुपनारायण भट्टराई, स्ववियु सभापति सुरज सुवेदी लगायतले बोलेका थिए।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष कमल थापाको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालक सदस्य दुर्गाप्रसाद सापकोटाले स्वागत, सुशील आचार्यले कार्यक्रमको औचित्यमाथि प्रकाश र क्याम्पस प्रमुख लक्ष्मीप्रसाद उप्रेतीले सञ्चालन गरेका थिए।

## सिजीका एसीहरू बजारमा

**झापा, पुस १५।** नेपालको सबैभन्दा ठूलो इलेक्ट्रोनिक्स ब्राण्ड सिजीले जाडो र गर्मी दुबै मौसममा प्रयोग गर्न मिल्ने, कम विद्युत खपतका एसीहरु बजारमा उपलब्ध गराएको छ।

सबै किसिमको मौसममा उपयुक्त हुने एसी अहिले विशेष त बढ्दो जाडोलाई मध्यनजर गर्दै उपलब्ध गराएको हो। सिजीले हालै आफ्ना सबै ग्राहकहरुका लागि 'हर मौसममा बचत' नामक योजना ल्याएको छ। जसको उद्देश्य यो जाडोयाममा जीवन सरल, सहज बनाउँदै विद्युतमा पनि बचत गराउनु हो।

अधिक एसीको प्रयोगले गर्दा जाडो मौसममा विद्युतको शुल्क अधिक आउने गरेको र यसले ग्राहकहरुलाई जाडो सहनुपर्ने वा चर्को शुल्क तिर्न बाध्य बनाउँछ। तर, सिजी इन्भर्टरका एसीका साथ यस जाडोमा ग्राहकहरुले न्यानो प्राप्त गर्नेछन् भने विद्युतमा बचत पनि गर्नेछन्।

सिजी ब्राण्डका इन्भर्टर एसीहरु किफायती दाममा सर्वत्र बजारमा उपलब्ध रहेको बताइएको छ। सिजी ब्राण्डका जाडोमा प्रयोग हुने घरायसी समानहरु उच्च गुणस्तरको भरपर्दो र टिकाउ छन्।

सिजीका एसीहरु तीन प्रकारमा विभाजन गरिएको छ। जसमा इन्भर्टर वाल माउन्ट, स्प्लिट टाइप एसी, अन अफ वाल माउण्न स्प्लिट टाईप एसी र सिलिङ क्यासेट टाइप एसी रहेका छन्। यी एसीहरु ०.७५ टन देखि ३.० टनसम्म उपलब्ध भएकोले ग्राहकले छानी-छानी आफ्नो आवश्यकता अनुरुप लिन सक्नेछन्।

सिजीका एसीहरुमा पाँच वर्षको वारेण्टी पाउनुका साथै काठमाडौं क्षेत्रभित्रमा २४ घण्टाभित्र नै जडान गरिदिने व्यवस्था पनि रहेको छ।

## पाराबारीमा आधारभूत स्वास्थ्य केन्द्र शिलान्यास

**झिलझिले, पुस १५।** संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट विनियोजितमध्ये २५ लाख रुपैयाँको लागतमा शिवसताक्षी नगरपालिका-३को पाराबारीमा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण हुने भएको छ।

स्थानीय लायनबहादुर राईले प्रदान गरेको ३ कठ्ठा जग्गामा भवन निर्माण हुन लागेको हो। वडाध्यक्ष पुण्य सापकोटाले लाखौं मूल्यको जग्गा स्वास्थ्य केन्द्र स्थापनाका लागि दाताले प्रदान गरेपछि पाराबारीमा स्वास्थ्य केन्द्र निर्माण हुने बताए।

वडा नम्बर २, ३ र ५का करिब ४ हजार ५ सय वडाबासीले स्वास्थ्य केन्द्र निर्माण भएपछि प्रत्यक्ष लाभ लिन सक्ने छन्। झापा निर्वाचन क्षेत्र नम्बर ४ प्रदेश (१)का सांसद झलकसिंह दर्लामी मगर र शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार सेर्माले एक कार्यक्रमकाबीच शनिबार भवनको शिलान्यास गरेका हुन्।

सांसद मगरले जनता सामु गरेका बाचा क्रमशः पूरा हुँदै गएको बताए। 'हामीले निर्वाचनमा तपाईंहरुको अमूल्य मत माग्न घर घरमा जाँदा बाटो, पुल, कलभर्ट, स्वास्थ्य केन्द्र, बिजुली लगायतका पूर्वाधार निर्माण गर्ने बचन दिएका थियौं'- सांसद मगरले भने 'जनता सामु गरेको बाचा अनुरुप पाराबारीमा प्राथमिक स्वास्थ्य केन्द्र स्थापनाका लागि भवन निर्माण शुरु भएको हो।' कार्यक्रममा शिवसताक्षी नगरपालिकाका प्रमुख सेर्माले सबै राजनीतिक दलले आआफ्नो ढंगबाट जनप्रतिनिधिले गरेको कामको मूल्यांकन गरिरहेको बताए। उनले भने- कतिले सुनिने गरी बोल्नुभएको छ त कतिले नसुनिनेगरी बोल्नुभएको छ।

भवन शिलान्यास कार्यक्रममा नगरकी उपप्रमुख भोजकुमारी नेपाल, जनप्रतिनिधिहरु, नेकपाका जिल्ला सचिवालय सदस्य द्वय राधाकृष्ण खनाल र रामबहादुर राई, वडा नम्बर ३का नेकपा, नेपाली कांग्रेस, लिम्बुवान, लिम्बुवान मञ्च नेपाल, राप्रपा लगायतका पार्टीका प्रतिनिधिको सहभागिता थियो।

पाथीभरा तिज्कुले जेभीले फागुन महिनामा निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता अनुसार शिलान्यास भएको भवन ४ कोठाको १ तले अपाङ्गमैत्री हुने छ। वडाध्यक्ष सापकोटाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन वडा नम्बर ३ नेकपाको पार्टीका सहइञ्चार्ज बलिराम तामाङले गरेको सञ्जय राईले जानकारी दिए।




# विद्यार्थीलाई न्यानो कपडा वितरण

**सुरुङ्गा, पुस १५।** भगवती साकोसले २०औं वार्षिकोत्सवको अवसरमा पशुपति आधारभूत विद्यालय बाह्रदशी गाँउपालिका-७ क्याम्पाका ८० जना विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ।

कार्यक्रममा निवर्तमान सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिलाई औपचारिक बिदाइ गरिएको थियो। शिक्षा, तालिम तथा प्रचार-प्रसार उप समितिका संयोजक दिनेशकुमार उप्रेतीको अध्यक्षता र अग्रज साहित्यकार कोमलप्रसाद पोखरेलको प्रमुख आतिथ्य रहेको कार्यक्रममा निवर्तमान अध्यक्ष तिलचन्द्र उप्रेती लगायत अन्य निवर्तमान पदाधिकारीहरुलाई ससम्मान विदाई गरिएको थियो।

सञ्चालक सदस्य युवराज संग्रौलाको स्वागत गरेको कार्यक्रममा सञ्चालक समिति अध्यक्ष खेमप्रसाद प्रसाईले निवर्तमान समितिले अघि सारेका असल कार्यक्रमहरुलाई निरन्तरता दिने प्रतिबद्धता जनाए। कार्यक्रमको सञ्चालन सचिव लीलादेवी प्रसाईले गरेकी थिइन्।

## घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ।

मो. ९८४१३२८७९८, ९८१८९४०३१३/९८४२७५६१००

## आवश्यकता

इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
गार्ड संख्या : ५० (महिला/पुरुष)
*नोटः १ नं. प्रदेशभरिको लागि*

अन्नपूर्ण चोक बिर्तामोड
फोन : ०२३-५४५७८२
९८०६०६१७००, ९८४४६८६९७०

## जग्गा बिक्रीमा

अर्जुनधारा-८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ।

**मो. ९८०७९१०२२२**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९/९८४१३२१४६४

## UAE मा PSBD Guard हरुलाई रोजगार

securiguard Middle East

कम्पनीः Securiguard Middle East Llc, Abu Dhabi

L.T. No.: 227241

| सि.नं. | कामदारको पद | पुरुष | महिला | | मासिक तलब AED | ने. रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 291 | 0 | | 2000 | ६३,२०० | | ८ घण्टा | ६ दिन | | | छ | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ।

**फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट बिर्तामोडमा २०७७ पुस १९ र २० होटल होलिडे र खुकुरी होटल इटहरीमा पुस २१ र २२ गते हुनेछ।**

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,
फोनः ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४१८९,
Lic No. 689/063/064
मो.: ९८०३०९१५४०, ९८१४१४३६२३, ९८१०५६११११, ९८०४१५६१२१, ९८१३४१६५१२

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## बिमालेख हरायो

राजगढबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०८/०१ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लिमिटेडको बीमालेख हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- असिमा थापा
**ठेगाना**:- राजगढ-२, झापा
हाल : बाह्रदशी गापा-१, झापा
**बीमालेख नं.**:- २००००२१७२
**कम्पनी**: लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.
**सम्पर्क**: ९८०४९१३८२२

## विशेषज्ञ डाक्टरहरूको सेवा

**डा. सविन मानन्धर**
MBBS (KU) MD (NAMS)
बरिष्ठ बालरोग विशेषज्ञ (दैनिक सेवा)

**डा. सरोज कुमार यादव**
MBBS, MS
जनरल सर्जन युरोलोजी (दैनिक सेवा)

**डा. राजीव कोइराला**
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

**डा. प्रमोद कुमार शाह**
MBBS, MD (TU)
कन्सलटेन्ट फिजिसियन ) दैनिक सेवाः ८-१० बजे)

**यहाँ अन्य सेवाहरुः** डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

**बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.**
शनिश्चरे रोड, पाथीभरा टोल नं. ४ रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब पुस १० गतेबाट खुल्ला

नेपाली कथानक चलचित्र
**सेन्टी भाइरस**
शुक्रवारबाट प्रदर्शनमा

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)




## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा धुलाबारी, धुलाबारी, झापा**

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजे/ससूराको नाम | कर्जाको उद्देश्य | सांवा रकम | २०७७।०९।०८ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | धितो मंजूरीनामा दिने वा जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | युवराज कट्टेल | साबिक बाहुनडाँगी-१, झापा | डिल्लीप्रसाद | निधिरत्न | व्यक्तिगत ओ.डी. | ७००००० | ५४६८८ | ७५४६८८ | पत्नी-अन्जू कट्टेल |
| २ | विर्खबहादुर कडरिया | मेचीनगर-४, झापा | डिल्लीप्रसाद | हरिनारायण | सरल कृषि कर्जा | ८००००० | २८८१६ | ८२८८१६ | पत्नी-भिमा कडरिया |
| ३ | गणेशकुमार राई | मेचीनगर-५, झापा | जितबहादुर | नरध्वज | व्यक्तिगत ओ.डी. | ४००००० | २८११० | ४२८११० | पत्नी-देबी माया खडका |
| ४ | होमचन्द्र घिमिरे | बुद्धशान्ती-३, झापा | रामचन्द्र | बलभद्र | सरल कृषि कर्जा | २०००००० | १७५६६६ | २१७५६६६ | आमा-मन कुमारी घिमिरे, पत्नी-शिव कुमारी ठकुरी |
| ५ | होमचन्द्र घिमिरे | बुद्धशान्ती-३, झापा | रामचन्द्र | बलभद्र | घरायसी कर्जा | १५००००० | ११४६८६ | १६१४६८६ | आमा-मन कुमारी घिमिरे, पत्नी-शिव कुमारी ठकुरी |
| ६ | मतिलाल तामाङ | मेचीनगर-४, झापा | किशोर | कसरमान | घरायसी कर्जा | ३००००० | १७१३८ | ३१७१३८ | पत्नी- माया तामाङ |
| ७ | पनियल ब्याट्री पसल प्रो. तेजबहादुर लिम्बु | बुद्धशान्ती-१, झापा | ख्यामराज | धनबहादूर | ब्यापार कर्जा | १५५०००० | १५६१७३ | १७०६१७३ | प्रोपाईटर-तेज बहादूर लिम्बु, पत्नी-तेजमाया लिम्बु |
| ८ | तेजबहादुर लिम्बु | बुद्धशान्ती-१, झापा | ख्यामराज | धनबहादूर | घरायसी कर्जा | २०००००० | १६०२४७ | २१६०२४७ | पत्नी-तेजमाया लिम्बु |
| ९ | पानीलाल राजवंशी | मेचीनगर-२, झापा | रतिलाल | बुधुलाल | घरायसी कर्जा | ५००००० | २९०२५ | ५२९०२५ | पत्नी-भुमी राजवंशी, छोरा-भीम राजवंशी |
| १० | राजनकुमार भट्टराई | साबिक बुधबारे-४, झापा | हरिप्रसाद | लिला बल्लभ | ब्यक्तिगत ओ.डी. | ५००००० | ३१४१६ | ५३१४१६ | पत्नी-मुना ओली |
| ११ | रेनुका के.सी. | मेचीनगर-१५, झापा | सेरबहादुर पराजुली | | घरायसी कर्जा | ७००००० | ४२६१३ | ७४२६१३ | पति-डम्बर बहादुर के.सी. |
| १२ | संजुला गिरी | मेचीनगर-७, झापा | रामप्रसाद गिरी | कोमल गिरी | सरल कृषि कर्जा | ३००००० | १८५८२ | ३१८५८२ | पति-रबिन गिरी, सासु-रत्नमाया गिरी |
| १३ | सारथी राजवंशी | मेचीनगर-१३, झापा | सैलेन | खड्ग देब | घरायसी कर्जा | ३००००० | १०५७३ | ३१०५७३ | पति-सैलेन राजवंशी |
| १४ | शिवराज पौडेल | बुद्धशान्ती-६, झापा | भगीरथ | तिलचन | घरायसी कर्जा | २०००००० | ११९१८४ | २११९१८४ | श्रीमती-कृष्ण कुमारी पौड्याल छोरा-पुष्कर पौड्याल, छोरा- मिलन पौड्याल |
| १५ | श्याम आले मगर | मेचीनगर-२, झापा | दिल बहादुर आले | मानध्वज | घरायसी कर्जा | ३०००००० | १३६८०८ | ३१३६८०८ | पिता-दिल बहादुर आले मगर, पत्नी-सुनितामगर, भाई-बल बहादुर आले मगर |
| १६ | श्याम आले मगर | मेचीनगर-२, झापा | दिलबहादुर आले | मानध्वज | सरल कृषि कर्जा | १५००००० | ५७४७० | १५५७४७० | पिता-दिल बहादुर आले मगर, पत्नी-सुनितामगर, भाई-बल बहादुर आले मगर |
| | जम्मा | | | | | १८०५०००० | ११८११९७ | १९२३११९७ | |

**सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा कटारी, कटारी, उदयपुर**

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजे/ससूराको नाम | कर्जाको उद्देश्य | सांवा रकम | २०७७।०९।०८ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | शम्भुकुमार पोखरेल | रिस्कू-८, हाल कटारी-५, उदयपुर | दुर्गा बहादुर पोखरेल | नर बहादुर पोखरेल | व्यापार | ४९२७५१ | १२७५८ | ५०५५०९ |

**श्री कृषि विकास बैंक लि,**
१ नं. प्रदेश कार्यालय, विराटनगर



**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुने समय छ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ। नयाँ तथा रचनात्मक काममा जुट्ने समय छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले प्रतिस्पर्धामा जीत दिलाउनेछ। रोकिएका काम पुनः शुरु हुन सक्छन्। व्यापारमा पनि मनग्य धन लाभ हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अधैर्य व्यवहारले समस्या निम्त्याउला। समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन्। अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** कामको सन्दर्भमा केही वादविवाद हुन सक्छ। अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** धेरै फाइदा नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला। मेहनत गर्दा रोकिएको काम बनाउन सकिनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। सुन्दर पहिरनले व्यक्तित्व निखार्दै अरूलाई आकर्षित तुल्याउने मौका छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पहिलेको सफलताले काममा उत्साह जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने मनग्य धन आर्जन गर्न सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। तर, सानो त्रुटिले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** नपुऱ्याउँदा केही अप्ठ्यारा चुनौति आउन सक्छन्। फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** साथीभाइसँग पनि असमझदारी बढ्न सक्छ। खर्च बढ्नुका साथै आर्थिक अभाव देखा पर्ने समय छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिने छन्। धेरै लगानी गर्दा थोरै फाइदा हुनेछ।